का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९३
❒ ९ जेठ २०७७, शुक्रबार
❒ 22 May 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ४५४ जना | ४९ जना | ३८७३७ | ४०१ | ३ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५१ लाख २५ हजार | २० लाख ४३ हजार | ३ लाख ३१ हजार | २७ लाख ५१ हजार |



**बालिकामाथि बोझः** कोरोना भाइरस नियन्त्रण गर्न गरिएको लकडाउनका कारण विद्यालय वन्द भएपछि जुम्लाका बालबालिका घरयासी काम (बच्चाले बच्चा हेरचार) देखि गिट्टी बालुवा सङ्कलन गर्ने गरिरहेका छन् । ***तस्वीरः मानदत्त रावल/रासस***

# उपत्यकाका नाकाहरू सील

**राजधानी उपत्यकाका सबै नाकाहरू बिहीबार देखि सील गरिएको छ । उपत्यकाका स्थानीय सरकारका प्रमुखहरूसँग बसेको बैठकबाट गृह मन्त्रालयले सबै नाका सील गरिएको हो ।**

**मध्यान्ह संवददाता**
काठमाडौं, ८ जेठ ।

सरकारले काठमाडौं उपत्यका प्रवेशमा थप कडाइ गरेको छ । गृह मन्त्रालयले कोभिड-१९ को सङ्क्रमण रोक्न अत्यावश्यक कामबाहेक उपत्यका आवागमन पूर्ण सिल गर्ने निर्णय गरेको हो । मन्त्रालयले उक्त निर्णय कार्यान्वयनका लागि उपत्यकाका १८ वटै स्थानीय तहमा परिपत्र गरेको छ ।

उक्त निर्णयको बुँदा नं २ मा उपत्यका प्रवेश गर्ने सबै नाका अत्यावश्यक प्रयोजनका लागिबाहेक पूर्णरुपमा सिल गर्ने र लुकीछिपी आउने क्रमलाई रोक्ने उल्लेख छ । बुधबार हमन्त्री रामबहादुर थापाको उपस्थितिमा उपत्यकाका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नगर तथा महानगरपालिकाका प्रमुखलगायत सुरक्षा अधिकारीबीच बैठक बसी कोभिड-१९ को सङ्क्रमण र रोकथामको अवस्थाबारे समीक्षा भएको थियो । बैठकमा उपत्यकाको नाका जोडिएका नगरपालिका प्रमुखको समेत सहभागिता थियो ।

बैठकले बन्दाबन्दी (लकडाउन) प्रभावकारी भए पनि विभिन्न बहाना बनाएर आवागमन हुने गरेकाले पूर्णरुपमा पालना हुन नसकेको निष्कर्ष निकालेको जनाइएको छ । तसर्थ लकडाउनलाई अझै कडाइ गर्ने निर्णय पनि उक्त बैठकले गरेको छ ।

यसअघि गरेको निर्णय कार्यान्वयन गर्दै उपत्यकामा हुने आवागमनमा थप कडाइ गर्ने र अत्यावश्यकबाहेकको आवतजावतलाई पूर्ण रोक्ने निर्णय गरेको गृह मन्त्रालयका प्रवक्त केदारनाथ शर्माले जानकारी दिनुभयो । अब भने उपत्यकाको स्थानीय तह, प्रहरी र प्रशासनको समन्वयमा थप कडाइ गरिनेछ ।



सुनसान महेन्द्रपुल । पोखराको ब्यस्त बजार महेन्द्र पुल केहि महिनादेखिको लकडाउनका कारण सुनसान छ ।
*–तस्वीरः राधिका कँडेल/रासस*

उनका अनुसार, एउटै गाडीमा कामै नपरेका मानिससमेत आउने तथा लुकीलुकीसमेत प्रवेश गर्ने अवस्था भएकाले त्यसलाई रोक्न उक्त निर्णय गरी परिपत्र जारी गरिएको हो ।

उपत्यकामा मानिसको प्रवेश हुँदा जनघनत्व बढ्ने भएकाले आवश्यक सुरक्षा व्यवस्था कडा पार्न प्रहरीलाई समेत निर्देशन दिएको छ । मानिस आएमा स्रोत स्थानमै रोक्ने गरी सुरक्षाकर्मीलाई निर्देशन प्राप्त भएकाले सोहीअनुसार प्रहरी परिचालन गरिएको महानगरीय प्रहरी कार्यालय काठमाडौंका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिए ।

नाका प्रवेश रोक्न स्थानीय तहलाई प्रशासनसँग समन्वय गरी आ-आफ्नै क्षेत्रमा रहेको होटल, पार्टी प्यालेस, सामुदायिक भवनमा क्वारेन्टाइन बनाउन भनिएको छ । स्थानीय तहमार्फत आगन्तुकको लगत संकलन र अन्य व्यवस्थापन गर्ने निणय पनि बैठकले गरेको छ । उक्त क्वारेन्टाइन खर्च भने बस्ने व्यक्ति स्वयंले भुक्तानी गर्नुपर्ने छ ।

आवश्यक कामका लागि प्रवेश गर्न चाहने व्यक्तिले प्रवेश गर्नुपूर्व आफ्नै खर्चमा उपलब्ध भएसम्म आरडिटी परीक्षण गरी त्यसको रिपोर्ट साथ उपत्यका प्रवेशका लागि अनुमति माग्नु पर्नेछ । उपत्यका आउने सवारीलाई प्रवेश बाँकी पृष्ठ २ मा

# जुटेको जनभावना

**लिम्पियाधुरा सहित समेटेर नेपालको नयाँ नक्सा सार्वजनिक भएपछि देशभर राष्ट्रियतको पक्षमा जनमत बनेको छ । कतिसम्म भने नेपालको नयाँ नक्सालाई स्वागत गरेकी मनिषा कोइराला र देशको पक्षका भारतीय सञ्चार माध्यमलाई अन्तरवार्ता दिएका मिनेन्द्र रिजाल ट्रेण्डिङमा छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ ।

लिम्पियाधुरा सहित समेटेर नेपालको नयाँ नक्सा सार्वजनिक भएपछि देशभर राष्ट्रियतको पक्षमा जनमत बनेको छ । कतिसम्म भने नेपालको नयाँ नक्सालाई स्वागत गरेकी मनिषा कोइराला र देशको पक्षका भारतीय सञ्चार माध्यमलाई अन्तरवार्ता दिएका मिनेन्द्र रिजाल ट्रेण्डिङमा छन् । आईएम वीथ मनिषा कोइराला ह्यास् ट्याग ट्रेण्डिङमा रहिरहेका बेला नेपाली काँग्रेसका नेता मिनेन्द्र रिजाल फेरि ट्रेण्डिङमा आएका छन् ।

विशेषगरी सामाजिक सञ्जालहरुमा राष्ट्रियताको पक्षमा ठूलो जनमत बनेको देखिन्छ । भारतद्वारा गरिएको सीमा अतिक्रमणसँगै विभिन्न पक्षबाट हुने हस्तक्षेपविरुद्ध सबै नेपाली एकजुट हुन काठमाडौंमा रहेका प्राध्यापक र बौद्धिक वर्गले



**हामी विपक्षी हौं, तर सीमा प्रकरणमा सरकारलाई हाम्रो पूर्ण साथ रहन्छ ।**
**-मीनेन्द्र रिजाल**



**नक्सा सार्वजनिक गरेकोमा सरकारलाई धन्यवाद । शान्ति संवादबाट समस्या हल गर्नुपर्छ ।**
**-मनिषा कोइराला**

**नक्सा प्रकरण**

समेत आह्वान गरेको छन् ।

सुदूरपश्चिम घर भइ काठमाडौंमा विभिन्न क्षेत्रमा संलग्न ३९ व्यक्तिले बिहीबार जारी गरेको विज्ञप्तिमा सन् २०१५ मा भारत र चीनबीच नेपाली भूमि लिपुलेक नाकाबाट सीमा व्यापार, धार्मिकयात्रा तथा अन्य सीमा सहयोग बढाउनका लागि भएको सम्झौता खारेजीसँगै बाँकी पृष्ठ २ मा

# ३८ जिल्लामा संक्रमण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ ।

अस्पतालमा उपचाररत गुल्मी मदाने गाउँपालिका-६ निवासी कोरोना भाइरस संक्रमित ४१ वर्षीय पुरुषको निधन भएको छ । उनको रुपन्देहीको तिलोत्तमामा रहेको क्रिमसन अस्पतालमा उपचारका क्रममा बिहि बिहान ७:१० बजे निधन भएको प्रदेश नं ५ सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखा प्रमुख डा उमाशंकर चौधरीले पुष्टि गरे । प्रमुख चौधरीका अनुसार टाइफाइड, कमलपित्त र मिर्गौला रोगले ग्रस्त रहनुभएका उहाँको आठ दिनदेखि भेन्टिलेटरको सहायतामा सघन उपचार कक्षमा उपचार गरिएको थियो ।



यसअघि सोमबार र मंगलबार विभिन्न मिडियामा संक्रमितको मृत्यु भएको गलत समाचार सम्प्रेषण भएपछि अस्पतालले विज्ञप्तिमार्फत अवस्था गम्भीर रहेको जानकारी गराएको थियो । बिरामी अस्पताल भर्ना हुँदा नै स्वास्थ्यावस्था गम्भीर रहेकाले बाहिर अनावश्यक हल्ला आएको हुन सक्ने महाशाखा प्रमुख चौधरीले बताए ।

मदानेबासीका अनुसार बन्दाबन्दी पनि धेरै हिँडडुल गरेका कारण उहाँमा कोरोना संक्रमण भएको आशंका गरिएको छ । उनी गत वैशाख ४ गते मालिका गाउँपालिका ६ अर्जैमा एक विवाह कार्यक्रममा गएका थिए । वैशाख २० गते धुर्कोट गाउँपालिका -७ वाग्लास्थित मानचौर तालमा घुम्न जानुभएको गाउँपालिकाका सूचना अधिकारी ऋषि पोखरेलले बताए ।

वैशाख २८ गते साँझदेखि टाउको दुख्ने ज्वरो आउने समस्या भएपछि वैशाख २९ गते उहाँ

**गुल्मीका एक शिक्षक, सिन्धुपाल्चोकका सुत्केरी र बाँकेका युवक गरी तीन जनाको मृत्यु भइसकेको कोभिड महामारी सातै प्रदेश र ३८ जिल्लामा फैलिसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।**

पुर्कोटस्थित एक पोलिक्लिनिकमा उपचारका लागि जानुभएको थियो । दुई दिनसम्म औषधि खाई आराम गरेर वैशाख ३१ गते पुनः क्लिनिकमा रगत जाँचका लागि जानुभएका उहाँमा कमलपित्त समस्या देखिएपछि अर्घाखाँचीको सन्धिखर्क स्थित छाया पोलिक्लिनिकमा सिफारिस गरिएको क्लिनिकका सञ्चालक विष्णु भुसालले बताए । त्यहाँ पनि उपचार सम्भव नभएपछि उहाँलाई थप उपचारका लागि क्रिमसन अस्पतालमा लगिएको थियो ।

जेठ १ गते एम्बुलेन्समार्फत क्रिमसन अस्पतालमा आउनुभएका उहाँको कोरोनाको आशंकामा स्वाब संकलन गरी पिसिआर परीक्षणका लागि २ गते प्रदेश प्रयोगशालामा पठाइएको हो । उनको पिसिआर रिपोर्ट पोजेटिभ देखिएपछि सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना संक्रमण भएको पुष्टि गरेको थियो । यससँगै नेपालमा कोरोना संक्रमणका कारण मृत्यु हुने तीन जना पुगेका छन् ।

यो सँगै नेपालमा महामारीबाट मृत्यु हुनेको संख्या तीन पुगेको छ । यसअगाडि बाँकी पृष्ठ २ मा

# विभागमा जापानको श्रम स्वीकृति माग्नेको दवाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

नेपाल सरकारले अध्ययन तथा रोजगारीका लागि नेपालबाट विमान चार्टर गरेर जापान जान दिने निर्णय गरेपछि वैदेशिक रोजगार विभागमा श्रम स्वीकृति माग गर्नेहरुको दवाब बढेको छ । नेपाल सरकारको कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको गत फागुन २९ गतेको बैठकले अर्को सूचना नभएसम्मका लागि वैदेशिक रोजगारीका लागि दिइने श्रम स्वीकृति स्थगन गर्ने निर्णग गरेको थियो । त्यसको भोलिपल्ट फागुन ३० देखि विभागले कसैलाई पनि श्रम स्वीकृति दिएको छैन ।

वैदेशिक रोजगार विभाग आफ्ना कर्मचारीलाई तलव प्रदान गर्न र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई नीतिगत सुझाव दिने विषयमा गृहकार्य गर्न केही समय यता खुलेपनि श्रम स्वीकृति दिने विभागको ताहाचलस्थित वैदेशिक रोजगार कार्यालय काठमाडौं दुई महिनादेखि निरन्तर बन्द रहेको छ ।

चार्टर फ्लाईटको अनुमति पाएपछि विदामा स्वदेश आएका कामदारहरुमा जसरी भएपनि जापान पुग्नुपर्ने छट्पटी बढेको छ । होटल तथा सेवा क्षेत्रमा काम गर्ने नेपालीहरुका लागि जापानको रोजगारी आकर्षक र सुरक्षित मानिन्छ ।

रोजगारीका लागि जापान जान चाहने करिब २० जना युवामध्ये केही युवा बागलुङ जिल्ला क्षेत्र नम्बर १ का सांसद डा. सुर्य पाठकमार्फत श्रम स्वीकृति माग गर्दै बिहीबार विभागका महानिर्देशक कुमार दाहालको कार्यकक्ष पुगेका थिए । सांसद पाठक प्रधानमन्त्री केपी शर्मा ओली निकट मानिन्छन् ।

युवाहरुले श्रम स्वीकृतिका लागि सांसदमार्फत दवाब दिएपछि महानिर्देशक दाहालले कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिबाट श्रम स्वीकृति दिनु भन्ने चिठी लेखाएर ल्याए आफुले एक मिनेट ढिला नगरी श्रम स्वीकृति दिने बताएर श्रम स्वीकृति माग्न आएकाहरुलाई फर्काएका थिए ।

महानिर्देशक दाहालले रोजगारीमा जान चाहनेको दवाब भएपनि उच्चस्तरीय समितिको नयाँ निर्णय नआएसम्म रोकिएको श्रमस्वीकृति खुलाउन नसकिने मध्यान्हलाई बताए ।

उनले भने, 'समितिबाट निर्णय आए विभागले जुनसुकै समयमा पनि कार्यालय खोलेर श्रम स्वीकृति प्रदान गर्ने छ । तर समितिबाट नयाँ निर्णय नआएसम्म विवादित बन्ने गरी श्रम स्वीकृति दिनु उचित हुँदैन ।

सरकारले विगत दुई महिनाअघि बन्द गरेको श्रम स्वीकृति खुला नहुँदा हजारौं नेपाली प्रभावित भएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार रोजगारदाताले भिसा दिई विभागबाट विदेश जाने अनुमति प्राप्त गरेका १ लाख १५ हजार कामदार कोरोना भाइरस महामारीको कारणले विदेश जान नपाएको र पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदार पठाउने सम्वन्धी सबै कार्य बन्द भएको बताएको छ ।

लकडाउनको अवधि जेठ २० सम्म लम्ब्याउने निर्णय गरेको सरकारले कोरोना संक्रमणका कारण बन्द गरेको हवाई उडान आउँदो जेठ मसान्तसम्मका लागि लम्ब्याएको छ । वैदेशिक रोजगार व्यवसायीहरुले श्रम स्वीकृति रोकिरहनु भन्दा सरकारले नेपाली कामदार जाने देशको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदारको स्वास्थ्यमा ध्यान दिन मलेसियाका राजाको आग्रह

काठमाडौं/मस- मलेसियाका राजा याङ् दी-पेर्तुवान आगोङ अल-सुल्तान अब्दुल्लाह राइयातुद्धिन अल मुस्ताफा बिल्लाह शाहले मलेसियामा रहेका सबै कामदारको सुरक्षामा उच्च ध्यान दिन आग्रह गरेका छन् । मलेसियान संसदको तेश्रो वार्षिक अधिवेशनलाई सम्वोधन गर्दै त्यहाँका राजा शाहले विशेष गरी मलेसिया सरकारको राहत प्योकजबाट आर्थिक सहायता प्राप्त गरेका देशका सम्पूर्ण रोजगारदातामाथि कामदारहरुको रक्षा गर्नुपर्ने दायित्व रहेको बताए ।

मलेसियामा राजाको हैसियत संवैधानिक रहेको छ । तर राजाको आदेश वा निर्देशनलाई उच्चसम्मानका साथ लिने गरिएको छ । राजाको सम्वोधनपछि मलेसियन ट्रेड युनियन कंग्रेसले रोजगारदाताहरुसँग कोरोना भाइरसका कारण उत्पन्न आर्थिक संकट देखाएर कामदाहरुलाई विदा दिने वा तलव नकाट्न ध्यानाकर्षण गराएको छ । बाँकी पृष्ठ २ मा

## भारतबाट नागरिक भित्रिने क्रम नरोकिएपछि

# क्वारेन्टाइन व्यवस्थापनमा चुनौती

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

खुला सिमानाका कारण भारतबाट दिनदिनै हजारौं नागरिक नेपाल भित्रिँदा क्वारेन्टाइन व्यवस्थापनमा समस्या देखिएको छ। नेपालमा कोरोना संक्रमणको जोमिख बढिरहेका बेला खुला सिमानाका कारण भारतबाट हजारौं मानिस नेपाल भित्रिँदा व्यवस्थापनमा समस्या देखिएको हो।



स्थानीय तहहरुले निश्चित क्वारेन्टाइन व्यवस्थापन गरेपनि ठूलो संख्यामा नेपाली भित्रिने क्रम नरोकिएपछि व्यवस्थापनमा समस्या देखिएको स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज रावतले बताए। नेपालमा रहेका भारतीय नागरिकलाई नेपालमै र भारतमा रहेका नेपाली नागरिकलाई भारतीय क्वारेन्टाइनमै व्यवस्थापन गर्ने समझदारी बनेपनि त्यसो हुन नसक्दा चुनौती थपिएको उनले बताए।

शहरी विकास मन्त्रालयमा क्वारेन्टाइन सञ्चालन र व्यवस्थापन मापदण्डका विषयमा भएको छलफलमा शहरी विकास राज्यमन्त्री रामवीर मानन्धरले होटल तथा रिसोर्टहरुलाई क्वारेन्टाइनका रुपमा व्यवस्थापन गर्न सकिने बताए। प्रधानमन्त्रीलाई वैशाख ७ गते नै उक्त सुझाव बुझाइएको उल्लेख गर्दै उनले विदेशबाट आउने नागरिकहरुको उचित व्यवस्थापन गर्न होटलहरुलाई क्वारेन्टाइनका रुपमा व्यवस्थापन गर्नुपर्ने बताए। खालि रहेका होटलहरुलाई निश्चित रकम तिरेर भएपनि जीवनरक्षाका लागि प्रयोग गर्न सकिने उनले बताए। गृहमन्त्रालयका उपसचिव गोमादेवी चेमजोङले होटल तथा लजहरुलाई पहिलो प्राथमिकतामा राखेर क्वारेन्टाइन निर्माण गर्नुपर्ने बताइन्। होस्टेल, सामुदायिक भवन र तालिम केन्द्रहरुलाई पनि क्वारेन्टाइनका रुपमा विकास गर्न सके सहज हुने उनले बताइन्। निश्चित रकम तिरेर भएपनि क्वारेन्टाइनमा बस्छु भन्ने र पैसा तिर्न नसक्ने सम्भावित संक्रमितहरुलाई वर्गिकरण गरेर अगाडि बढ्नुपर्ने सुझाव उनले दिइन्। अवस्था भयावह भए क्वारेन्टाइन निर्माणका लागि खुला मैदानको पहिचान गरी अन्तरमन्त्रालय समन्वय गर्नुपर्ने उनले बताइन्।

पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले धेरै ठाउँमा खानेपानीको समस्या रहेको बताए। उपत्यका बाहिरका अधिकांश क्वारेन्टाइनहरुमा सञ्चार सुविका व्यवस्थापन नहुँदा मान्छेहरु डराउने, एक्लोपन महसुस गर्ने समस्या देखिएको र भाग्ने गरेका घटना देखिने गरेको उनले बताए। उनले बजेट व्यवस्थापनमा देखिएको समस्या समाधानका लागि पनि आग्रह गरे।

विदेशबाट आउन चाहाने नागरिकहरुको तथ्यांक परराष्ट्र मन्त्रालयले तयार गर्नुपर्ने सुझाव पनि बैठकमा सहभागीहरुले दिएका छन्। स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्रका व्यक्तिहरुको तथ्यांक एकिन गरेर क्वारेन्टाइनलाई व्यवस्थापन गर्नुपर्ने सुझाव सहभागीहरुको छ।

# टेकु अस्पताललाई स्वाब कलेक्सन बुथ



**काठमाडौं/मस-** नेपाल इन्जिनियर्स एसोसिएसन बागमती प्रदेशले टेकु अस्पताललाई आधुनिक स्वाब कलेक्सन पीपीई बुथ उपलब्ध गराएको छ। कोरोना भाइरस (कोभिड-१९)को नमुना संकलनका लागि प्रयोग गर्न इन्जिनियर्सहरुले स्वाब कलेक्सन पीपीई बुथको निर्माण गरी शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताललाई उपलब्ध गराएका हुन्।

करिब १ लाख रुपैयाँको लागतमा निर्माण गरिएको उक्त बुथ बिहीबार नेपाल इन्जिनियर्स एसोसिएसन बागमति प्रदेशले अस्पताललाई उपलब्ध गराएको छ। आधुनिक प्रविधिको प्रयोग गरी निर्माण गरिएको उक्त बुथमा बिरामी र स्वास्थ्यकर्मीबीच संवाद गर्न माइक जडान गरिएको छ। यस्तै बुथमा हावा पास गर्नको लागि पछाडिपट्टिको भागमा पंखा जडान गरिएको छ।

बुथ हस्तान्तरण कार्यक्रममा नेपाल इन्जिनियर्स एसोसिएसन बागमती प्रदेशका अध्यक्ष नन्द बन्जाडेले कोभिड-१९ विरुद्ध अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मीको जोखिम न्यूनिकरणका लागि इन्जिनियर्सहरुको समेत भूमिका होस् भन्ने उद्देश्यले बुथ निर्माण गरी उपलब्ध गराइएको बताए।

विपदको अवस्थामा स्वास्थ्यकर्मीहरुको जोखिमलाई ध्यान दिई इन्जिनियर्सहरुले गरेको सहयोगले स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाएको अस्पतालका निर्देशक डा. सागरकुमार राजभण्डारीले बताए। वैज्ञानिक रुपमा बनाइएको स्वाब कलेक्सन बुथ जस्तै अन्य स्वास्थ्य उपकरणहरुको निर्माणमा इन्जिनियर्सहरुको सहयोगको आवश्यकता रहेको उनले बताए।

नेपाल इन्जिनियर्स एसोसिएसनका अध्यक्ष प्राध्यापक डा. रत्न बज्राचार्यले कोभिड-१९को रोकथामका लागि अग्रपंक्तिमा रहने स्वास्थ्यकर्मीको सुरक्षाको निम्ति काम गर्न पाउँदा खुशी लागेको बताए। नेपाल इन्जिनियर्स एसोसिएसन बागमति प्रदेशले अहिलेसम्म काठमाडौं, रामेछाप, काभ्रेपलान्चोक, सिन्धुपलान्चोक, रसुवा, नुवाकोट र धादिङमा गरी कुल १७ वटा स्वाब कलेक्सन बुथ निर्माण गरी सरकारी अस्पतालहरुलाई उपलब्ध गराएको छ।

# 'सीमा विवादमा सरकारको कदम स्वागतयोग्य'

**काठमाडौं/मस-** प्रवासी नेपाली एकता मञ्ज जापानले नेपाल सरकारले हालै सार्वजनिक गरेको नेपालको नयाँ नक्सालाई स्वागतयोग्यो भनेको छ। बिहीबार मञ्चका अध्यक्ष हवलचन्द्र लामा र सचिव शालिकराम भण्डारीले संयुक्त रुपमा एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारले भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका भूभागहरु समेटिएको नक्सा सार्वजनिक गरेको र गुमेका ती भूभागहरु कुटनैतिक माध्यमबाट फिर्ता ल्याएरै छोड्न गरेको प्रतिवद्धतालाई मञ्चले स्वागत गरेको बताएका छन्।

राष्ट्रियता जस्तो संवेदनशी विषयमा नेपाल सरकारले गरेको निर्णयलाई बुद्धिमत्तापूर्ण ढंगले कार्यान्वयनको तहमा उतार्न देशका सबै राजनैतिक दल,सामाजिक संस्था, राष्ट्रसेवक, निजी क्षेत्र, आमनागरिक एकढिक्का भई चट्टानी अडानका साथ अगाडि बढ्नुको विकल्प नभएको बताउँदै मञ्चले भूभाग फिर्ता लिएरै छोड्ने निर्णयका लागि नेपाल कम्युनिष्ट पार्टी र सरकारलाई धन्यावद ज्ञापन गरेको छ।

मञ्चले नेपाल र भारत एक( अर्काका असल छिमेकी राष्ट्र रहेको उल्लेख गर्दै नेपालले छिमेकीको अहित हुने र सार्वभौमसत्तामा आँच आउने कुनै पनि क्रियाकलापबारे सोच्न पनि नसक्ने र भारतबाट पनि नेपालले सोही बमोजिक अपेक्षा गरेको हुने बताएको छ। मञ्चले दुई देशबीच रहिआएको सदियौंदेखिको असल सम्बन्धलाई थप उचाइमा पुर्याउन सुझबुझपूर्ण पहलद्वारा विद्यमान सीमा विवाद र अतिक्रमित भूमि सम्बन्धी समस्या हल गर्न सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना समेत व्यक्त गरेको छ।

साथै मञ्चले विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड( १९ सँग जुधिरहेका बेला नेपाली जनताको भावनामा ठेस पुग्ने गरी छिमेकी राष्ट्रले अतिक्रमित भूमि प्रयोग गरी विस्तारित सडक सञ्जालको उद्घाटन गरेपछि नेपाली जनता चिन्तित हुन स्वभाविक रहेको बताउँदै सरकारले ऐतिहासिक तथ्य, प्रमाण र दस्तावेजका आधारमा नक्सा मात्रै नभएर यथाशक्य चाँडो अतिक्रमित भूमि पनि फिर्ता लिनेमा मञ्च विश्वस्त रहेको बताएको छ। सरकारको जायज कदमप्रति ऐक्यबद्धता जाहेर गर्दै परिआएमा जस्तोसुकै सहयोगी भूमिका खेल्न तयार रहेको मञ्चको भनाइ छ।

# पत्रकार मञ्चलाई मारवाडी सेवा समितिद्वारा होमियोप्याथिक औषधि हस्तान्तरण



**काठमाडौं/मस-** कोरोना भाइरस (कोभिड-१९) को संक्रमण बढिरहेका बेला मारवाडी सेवा समितिले नेपाल पत्रकार मञ्चलाई कोभिड-१९ को होमियोप्याथिक रोकथाम र उपचारका निम्ति ५ सय थान औषधि हस्तान्तरण गरेको छ। उक्त होमियोप्याथिक औषधि मारवाडी सेवा समितिका कार्यवाहक अध्यक्ष श्रवणकुमार अग्रवालले मञ्चका अध्यक्ष युवराज विद्रोहीलाई बिहीबार एक संक्षिप्त कार्यक्रमकाबीच हस्तान्तरण गरेका हुन्।

कोभिड-१९ को संक्रमणको अवस्थामा समेत अग्रभागमा क्रियाशील रहने पत्रकारलाई सुरक्षित राख्नु आफ्नो दायित्व भएको महसुस गरी उक्त औषधि निःशुल्क हस्तान्तरण गरिएको राष्ट्रिय मारवाडी परिषद्का अध्यक्ष पवन मित्तलले बताए।

कोभिड-१९ विरुद्ध लड्नको निम्ति आन्तरिकरुपमा रोग प्रतिरोधात्मक क्षमतालाई सक्रिय गराउन उक्त औषधि उपयोगी हुने प्राकृतिक होमियोप्याथिक चिकित्सक डा.बलराम केसीले जानकारी दिए।

यस्तै, हाल विश्वभरि फैलिएको कोरोना भाइरसको संक्रमितहरुका निम्ति समेत प्रतिरोधात्मक क्षमता बृद्धि गर्न यसले सहयोग गरेको अर्का प्राकृतिक होमियोप्याथिक चिकित्सकद्वय डा.अम्बिका ज्ञवाली र विष्णुभक्त क्वाँले बताए।

हरेक प्रकोप र विपत्तिका बेला तन मन र धनले सामाजिक सेवामा सक्रिय मारवाडी सेवा समितिले कोभिड-१९ विरुद्धमा देशव्यापी अभियान चलाउने क्रममा हाल देशभरिका विभिन्न ३८ वटा शाखाबाट ५ लाख २५ हजार व्यक्तिमा पुग्ने गरी उक्त होमियोप्याथिक औषधि वितरण गरिसकेको समितिका महासचिव महावीर घिराईयाले जानकारी दिए।

विश्वका विभिन्न मुलुकहरुलगायत छिमेकी मुलुक भारतमासमेत उक्त औषधिले कोभिड-१९ विरुद्धमा सकारात्मक परिणाम ल्याएको कारण नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले आयुर्वेदिक तथा होमियोप्याथिक उपचार पद्धतिका निम्ति छुट्टै प्रोटोकल तयार गरी उक्त औषधिलाई मान्यता दिएका कारण हाल विभिन्न स्थानीय तहहरुले समेत यसको वितरण गर्न थालेको समितिले जनाएको छ।

पत्रकारहरुको स्वास्थ्य सुरक्षालाई महत्व दिंदै मारवाड़ी सेवा समितिले गरेको सहयोग प्रति मंचका अध्यक्ष बिद्रोहीले समितिप्रति आभार प्रकट गरे। समितिबाट प्राप्त होमियोप्याथिक औषधि मंचमा आवद्ध अग्रमंतिमा कृयाशील पत्रकारहरुलाई वितरण गरिने मंचका महासचिव बिमल थापाले जानकारी दिए।

# भीमदत्तमा मेयर टोल टोल आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, ८ जेठ

भीमदत्त नगरपालिकाले कोरोना भाइरस (कोभिड-१९) को प्रकोपलाई मध्यजनर गरी मेयर टोल टोल आधारभूत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनमा ल्याएको छ। बुधबार नगरपालिकाको वडा नं. २ बाट सुरु गरिएको से कार्यक्रम नगरपालिकाका सबै वडामा कार्यान्वयनमा ल्याउने नगरपालिकाले जनाएको छ।

कोरोना भाइरस (कोभिड १९) सम्बन्धि परामर्श, स्क्रिनिङ्ग र दीर्घ रोगीहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको र सबै वडाका तीन तीन स्थानमा सामाजिक दुरी कायम गरी सञ्चालन गरिएको नगरपालिकाका आधारभूत स्वास्थ्य तथा सरसफाई उप शाखाका फार्मेसी सहायक जीवन साउँदले जानकारी दिए।

कार्यक्रमको पहिलो दिन वडा नं. २ का तीन सय ६३ वासिन्दालाई सेवा प्रदान गरिएको छ। वडाका तीन



स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरिएको हो। शिविरमा स्वास्थ्य जाँचपछि औषधिपनि वितरण गरिएको छ। बिहीबार भीनपा १ मा कार्यक्रम सञ्चालन गरिएको छ। वडा नं. १ मा २ सय २४ जनालाई सेवा प्रदान गरिएको हो।

भीमदत्त नगरपालिकाले नगरबासीहरुको स्वास्थ्यमा पहुँच पुगाउन गत वर्ष स्थापना दिवसको अवसर पारी मेयर स्वास्थ्य शिविर कार्यक्रम समेत सञ्चालन गरेको थियो। कोरोना भाइरस महामारीपछि नगरपालिकाले नगर क्षेत्रका दीर्घरोगी, अशक्त, ज्येष्ठ नागरिक र सुत्केरी महिलालाई सेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ।

# ४ दिन पछि दुई बालकको शव फेला

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ८ जेठ

कालिगण्डकी नदीमा बेपत्ता भएका दुई बालकको शव फेला परेको छ। पाल्पा जिल्लाको रामपुर नगरपालिका १०, सिकोडाँडाका ८ वर्षीय समिर चापागाईं र १० वर्षीय सुनिल भट्टराईको शव फेला परेको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ।

जेठ ४ गते दिउँसो पौडी खेल्ने क्रममा रामपुर १० मलौटेघाटबाट बालकहरु कालिगण्डकीमा बेपत्ता भएका थिए। ४ दिनपछि बिहीबार उनीहरूको शव फेला परेको हो।

# सुर्खेतमा घरेलु तथा साना उद्योगहरु धराशायी हुँदै

**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, ८ जेठ

विश्व प्रकोपको रुपमा रहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागी नेपालमा चैत्र ११ गतेबाट जारी लकडाउन लम्बिँदै गएका कारण सुर्खेतका अधिकांश घरेलु तथा साना उद्योगहरु धराशायी हुँदै गएका छन्। राष्ट्रिय आम्दानीको स्रोत र रोजगारीको अवसर सिर्जना गर्ने घरेलु तथा साना उधोगहरु आवश्यक कच्चा पदार्थ अभाव र घर भाडामा छुट नदिने दवाबले नेपाल सरकारको औधोगिक व्यवसायिक ऐन नियम अनुसार स्थापना गरिएका घरेलु तथा साना उद्योगहरु बन्द गर्न व्यवसायीहरु बाध्य भएका छन्।

सुर्खेतमा आफ्नो व्यवसाय बन्द गर्न बाध्य भई घर जान थालेका एक व्यवसायी हुन्, ध्रुव गौतम। उनी दुग्ध व्यवसायी हुन्। लकडाउनको शुरुमा दिनमा ब्यबसाय र सेवा दुवै गर्न सकिन्छ कि भनेर उनी रात बिहान नभनी व्यवसाय संचालनमा सकृय रहे। तर लकडाउन लम्बिंदै गएपछि अनेक समस्या आउन थाल्यो। गौतम भन्दछन्, 'लकडाउनका समयमा मोटसाइकलमा ग्राहकहरु समक्ष दुध वितरण गर्न नसकिने भयो। दुध समयमा आउन नसक्ने र घरबेटीले भाडामा कडाई गर्ने जस्ता समस्यावे दुध डेरी संचालन गर्न नसकिने भयो।'

'साना तिना उद्योग व्यवसाय संचालन गर्न सरकार र सम्बन्धित निकायले सहजीकरण गर्नु पर्ने हो तर यहाँ भाषण र आश्वाशनबाहेक अरु सहयोग पाउन सकिएन', बिरेन्द्र नगरपालिका ८ खजुराका गोतमले मध्यान्हसँग भने, 'यहि अवस्था लम्बिंदै गयो भने धेरै ब्यबसाय धराशायी हुने छन र चरम बेपोजगारी समस्या आउने छ।'

गौतम त एक प्रतिनिधि पात्र मात्र हुन्। लकडाउनले धेरैको रोज़ी रोटी गुमाएको मात्र हैन अरुलाई रोजगारी दिन सक्ने हैसियतका उद्योगी व्यवसायीहरु आफै बेरोजगार हुने अवस्थामा पुगेका छन्। लकडाउन कति लम्बिने हो ठेगान छैन। लकजाउनले आर्थिक गतिविधिमा पार्ने गम्भीर असरलाई राज्यले कसरी थेग्ला यसै भन्न सकिने अवस्था छैनन्। सम्बन्धित निकायको यसतर्फ समयमै ध्यान जानु आवश्यक छ।

# फलफूल बच्नेलाई प्रहरीको लात्ती

**नरेन्द्र रौले/मध्यान्ह**
काठमाडौं, ८ बैशाख

बुधबार ललितपुर, नखिपोटको गल्लीभित्र जनकपुरका धर्मेन्द्र कुमार फलफूल बेचिरहेका थिए। अठार वर्षीय यी युवकको एउटा सपना छ- फलफूल बेचेको पैसाले विरामी आमाको उपचार गर्नु। पाँच वर्षदेखि दमको रोगले थलिएकी आमाको उपचार कसरी गर्ने भनेर उनी पिरोलिरहेका हुन्छन्।

भिआइपी गल्ली भनेर चिनिने नखिपोटमा जनकपुरका धर्मेन्द्र साइकलमा केरा बेचेर गुजारा गर्नु उनको एक मात्र विकल्प हो। बुधबार साइकलमा केरा बिक्री गरिरहँदा अपरान्ह साढे ४ बजे डिस्कभर बाइकमा एक प्रहरी जवान र हवल्दार टुप्लुक्क आइपुगे।

धर्मेन्द्रमाथि अपशब्द गाली गर्दै प्रहरी जवान र हवल्दारले एक्कासी बुट प्रहार गरे। चिच्याउँदै भूइँमा ढलेका धर्मेन्द्रमाथि प्रहरीले केरै केराले प्रहार गरे। फलफूल किन्न स्थानीय बासिन्दाहरु जम्मा भएका थिए। त्यो दृश्यलाई कैद गरिरहेका सञ्चारकर्मी चित्रकुमार कार्कीले तस्विर खिचिरहेका थिए। हवल्दारले कड्किएर सोधे, 'तँ को होस् ? किन भिडिओ खिचेको ?' प्रहरीले उनको जवाफै नसुनि मोबाइल खोसे। र, बुटले बजार्दै गरेको तस्विर डिलिट गरिदिए।

'मेरो भिडिओ खिच्ने काम हो।' चित्रले मोबाइलले भिडिओ लिन खोज्दै भने, 'मेरो आइडी कार्ड हेर्नुस्।' पत्रकारको परिचयपत्र देखेपछि 'सरी सर' भनेर मोटरसाइकलमा हुइँकिँदै भागे। यतिञ्जेल वरीपरीबाट थुप्रै स्थानिय जम्मा भइसकेका थिए। घरको छतबाट पनि स्थानीयहरु यो घटनालाई नियालिरहेका थिए। आक्रोशित हुँदै स्थानीयले आवाज उठाएपछि प्रहरीले प्रतिवाद गर्न सकेनन्।

जनकपुरका धर्मेन्द्र पाँच वर्षदेखि महालक्ष्मीथानमा बसिरहेका छन्। आफ्नै पैसाले किनेर होइन साहुकोबाट फलफूल ल्याएर उनी बेच्छन्। त्योबाट उठेको पैसा साहुलाई बुझाउनु पर्छ। 'भाडा तिर्न नसकेर कोठाबाट घरबेटीले मलाई निकाल्न खोजे।' उनले भावुक हुँदै भने, 'बिहान, बेलुका फलफूल बेचेरै गुजारा गर्नु पर्ने बाध्यता छ।'

कोरोना भन्दा गरिबीले मर्न लागेका नागरिकले इमानदार भएर काम गरेर बाँच्न पनि नपाउनु दुःखद भएको प्रत्यक्षदर्शी एवं पत्रकार कार्कीले बताए। 'त्यही बाटो भिइआइपीहरु कार लिएर हुइँकिए, कसैले रोकेन', चित्रले भने, 'तर एक गरिबले काम गरेर गुजारा गर्न खोज्दा बुट बजारियो।'

### उपत्यकाका...

विन्दुमा पुग्नुअगावै प्रस्थान विन्दुमा नै रोक्ने र यसका लागि सुरक्षा निकायलाई विशेष निगरानी गरी आवागमनमा कडाइ गर्न भनिएको छ। काठमाडौं उपत्यकामा समेत कोभिड-१९ को संक्रमण देखिँदै आएको छ। अहिले विभिन्न क्षेत्र सिल गरेर आवश्यक काम भइरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

काठमाडौंका प्रमखु जिल्ला अधिकारी जनकराज दाहालले गृह मन्त्रालयबाट आएको परिपत्रअनुसार उपत्यकाको सुरक्षा व्यवस्था र लकडाउन कार्यान्वयनमा स्थानीय प्रशासन थप सक्रिय भएर लागिसकेको बताए।

काठमाडौं उपत्यकाका स्थानीय तहले प्रशासनको समन्वयमा लुकीछिपी प्रवेश गर्नेको खोजी गरी लगत सङ्कलन गर्ने भएको छ। त्यस विषयमा आवश्यक कारवाही अघि बढाउने कुरा पनि गृहको परिपत्रमा उल्लेख छ।

स्थानीय संस्था तथा क्लबले राहत वितरण र खाना वितरण गर्दा भीडभाड बढ्न गई जोखिम बढाएकाले उक्त कार्य स्थानीय तहको समन्वय नभएमा रोक्न पनि भनिएको छ। त्यस्तो कार्य समन्वय गरेर स्वास्थ्यसम्बन्धी मापदण्डका आधारमा मात्रै वितरण गर्न मन्त्रालयले आग्रह गरेको छ।

स्थानीय तहसँगको समन्वयमा सबै सुरक्षा निकायले उपत्यका प्रवेश नाकाको जाँच र निगरानीमा थप कडाइ गर्ने पनि निर्णय भएको गृह मन्त्रालयले जनाएको छ।

### जुटेको...

कालापानी क्षेत्रबाट भारतीय सुरक्षाकर्मी फिर्ता गर्न माग गरिएको सुदूरपश्चिम विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा जयराज अवस्थीले जानकारी दिए।

विज्ञप्तिमा उहाँहरूले वर्षौंदेखि भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, लिपुलेक, कालापानीसहित नेपालको नक्सा सार्वजनिक गरेकामा उक्त कदमको स्वागत गर्दै समाजले ऐतिहासिक तथ्य र सामग्रीका बाबजुद नेपालको सहमतिबिना चीन र भारतबीच कुनै पनि प्रकारको सन्धि, सम्झौता र सहमति हुनु अन्तर्राष्ट्रिय कानून तथा अभ्यासविपरीतको कदम भएको जनाएको छ। छन्।

सरकारले कुनै पनि परिस्थितिबाट प्रभावित नभइ सीमा अतिक्रमणको विषयलाई सम्मानजनकरूपमा द्विपक्षीय, बहुपक्षीय वा अन्य आवश्यक कूटनीतिक माध्यमबाट समस्याको समाधान पहिल्याउन सफल हुने विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिमा चीन र भारतबीच सम्पन्न सन् २०१५ को सम्झौता खारेजी र अतिक्रमित भूमि लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्रबाट भारतीय सीमा सुरक्षा बल यथाशीघ्र हट्ने वातावरण निर्माण गर्नसमेत माग गरिएको छ।

### विभागमा....

अवस्था हेरेर श्रम स्वीकृति खोल्नु उपयुक्त हुने बताएका छन्।

चार्टर फलाईटबाट आफ्नो देश आउन अनुमति दिएको जापानले अनिवार्य १४ दिन क्वारेन्टाइनमा बस्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ। त्यसपछि उनीहरु आफ्नो निवास र काममा फर्किन पाउने छन्।

### कामदारको...

मलेसियामा कोरोना भाइरसका कारण देखाउँदै अधिकांश रोजगारदाताहरुले मार्च र अप्रिल महिनाको तलव भुक्तानी गर्न ढिला गरेको सार्वजनिक भएको छ। मलेसियन ट्रेड युनियन कंग्रेसले राजाबाट व्यक्त सदिक्षालाई रोजगारदाताहरुले उच्चसम्मानका साथ कार्यान्वयन गर्न पनि स्मरण गराएको छ।

ज्यालामा अनुदान पाएका केही रोजगारदाताहरुले मजदुरहरुलाई सुविधा नदिएको भन्दै उक्त संगठनले त्यस्ता रोजगारदातालाई जरीवाना गर्न समेत माग गरेको छ। मलेसियामा वैधानिक रुपमा करिब ५ लाख नेपाली कार्यरत रहेका छन्। श्रम र ज्याल सम्वन्धमा त्यहाँ हुने निर्णयले नेपाली कामदारहरुले पाउने तलव तथ सुविधा प्रत्यक्ष रुपमा जोडिने गरेको छ।

### ३८ जिल्लामा...

सिन्धुपाल्चोककी सुत्केरी र बाँकेका युवकको महामारीको संक्रमणबाट मृत्यु भएको थियो। महामारीबाट देशभर ४५४ जना संक्रमित भइसकेका छन्। बिहीबार नियमित पत्रकार सम्मेलन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ३७ हजारको परीक्षण गर्दा ४५४ मा संक्रमण देखिएको जनाएको छ। त्यस मध्ये ४९ जना निको भएर घर फर्किएका छन्।

काठमाडौँको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचारत चार कोरोना भाइरस सङ्क्रमित व्यक्ति निको भई घर फर्किएक हुन्। निको हुनेमा दुई महिला तथा दुई पुरुष छन्। डिस्चार्ज हुनेमा २३ वर्षीया महिला, ३७ वर्षीय पुरुष, २५ वर्षीया महिला र २७ वर्षीय पुरुष हुनुहुन्छ।

सँगै, झापामा आठ र रुपन्देहीमा एक गरी नयाँ थप नौ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि गरेको छ। मन्त्रालयका प्रवक्ता देवकोटाका अनुसार, झापाको लक्ष्मीप्रसाद देवकोटा माविको क्वारेन्टाइनमा रहनुभएका आठ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

१७, १८, १८, २०, २०, २३, ५२ र ५५ वर्षका गरी आठ जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको हो। रुपन्देहीका २७ वर्षीय पुरुषमा पनि सङ्क्रमण पुष्टि भएको हो। यससँगै कूल सङ्क्रमितको सङ्ख्या ४५४ पुगेको छ भने ३८ जिल्लामा कोरोना भाइरसको सङ्क्रमण फैलिएको छ। नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या तीन पुगेको छ

# बढ्दो कोरोना संक्रमितले अवस्था भयावह : डब्लुएचओ



**वासिङ्टन, एजेन्सी**-विश्व स्वास्थ्य संगठनले कोरोनाभाइरसबाट संक्रमितको संख्या एकै दिन ठूलो संख्यामा भेटिएको जनाएकै दिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'सामान्यीकरण' को सङ्केतका रूपमा वार्षिक जी ७ शिखर सम्मेलनका लागि नेताहरूको बैठक गर्न प्रस्ताव राख्नु भएको छ ।

डब्लुएचओले बुधबार एकै दिन १ लाख ६ हजारभन्दा बढी भाइरसका बिरामी भेटिएको जनाएको छ । गत डिसेम्बरमा चीनको उहानमा कोरोना संक्रमण देखिएपछि पहिलोपटक यो सबैभन्दा ठूलो संख्या देखिएको हो ।

डब्लुएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेरियससले आफू निम्न र मध्यम आय भएका देशहरूको अवस्थाबाट 'धेरै चिन्तित' भएको बताए ।

दक्षिण अमेरिकी देशहरूमा पछिल्ला दिनहरूमा संक्रमणको दर निकै बढेको छ । केही मुलुकले लकडाउन खुकुलो बनाए पनि संक्रमण बढेसँगै पुनःस्थापित गरेका छन् । ब्राजिलमा सबैभन्दा बढी बिरामी भेटिएका छन् । यहाँ विश्वमै तेस्रो सर्वाधिक संख्यामा संक्रमित देखिएका छन् । पेरू, मेक्सिको र चिलीमा पनि संक्रमण लगातार वृद्धि भइरहेको छ ।

ब्राजिलका स्वास्थ्य अधिकारीहरूले एकै दिन १ हजार १७९ नयाँ कोरोनाभाइरस संक्रमितको मृत्यु भएको बताएका छन्, जबकि दक्षिणपन्थी राष्ट्रपति जेयर बोल्सोनारोले लकडाउनको कडा विरोध गर्दै आएका छन् । उनले विशेषज्ञहरूको सल्लाह विपरीत क्षेत्रीय गभर्नरहरूलाई लकडाउन हटाउन दबाब दिइरहेका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पले जस्तै बोल्सोनारोले भाइरसको उपचारमा औलोको औषधीको प्रयोगलाई बढावा दिनु भएको छ । तर अध्ययनहरूले औलोको यो औषधि कोरोनाभाइरसको उपचारमा खासै फाइदाजनक नरहेको र शरीरलाई निकै हानि गर्ने बताएका छन् ।

आगामी नोभेम्बरमा पुनः निर्वाचनको सम्मुखमा रहेका राष्ट्रपति ट्रम्पले अमेरिकी अर्थव्यवस्थालाई पुनर्जीवित तुल्याउने अडान पुनः राख्नु भएको छ । उनले अमेरिका पुरानै लयमा फर्कने बताउँदै आगामी जुनमा आयोजना हुने सात प्रमुख औद्योगिक राष्ट्र (जि७) को शिखर सम्मेलनमा नेताहरूको उपस्थिति हुनेमा आफू आशावादी रहेको बताए ।

'म यो सम्मेलन वासिङ्टन डिसीको क्याम्प डेभिडमा गर्ने विचार गर्दैछु' उनले भने । 'अरू नेताहरू पनि सहभागी हुनु हुनेछ । यो सबैका लागि ठूलो संकेत हुनेछ - सामान्यीकरण !'

जी ७ का देशहरू - बेलायत, क्यानाडा, फ्रान्स, जर्मनी, इटाली, जापान र संयुक्तराज्य अमेरिका - ले वार्षिक शिखर सम्मेलन आलोपालो आयोजना गर्ने प्रचलन छ ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोको कार्यालयले 'स्वास्थ्य स्थितिले अनुमति दिएमा' उपस्थित हुने जनाएको छ । जर्मन चान्सलर एन्जेला मर्केलले आफू 'पर्ख र हेरको अवस्थामा रहेको' बताएकि छिन् ।

विश्वव्यापी रुपमा कोरोनाभाइरसका कारण मृत्यु हुनेको संख्या ३ लाख २५ हजारभन्दा बढी र झण्डै ५० लाख मानिस संक्रमित भएका छन् । यसबीच विश्वभरिका सरकारहरू खोपको आशामा रहेका छन् । भाइरस निर्माणका सन्दर्भमा उत्साहजनक खबरहरू आइरहेका छन् । एउटा अध्ययनमा बाँदरहरूमा गरिएको प्रयोगमा मानिसहरूले भाइरस प्रतिरोधात्मक क्षमता विकास गर्न सक्ने देखाएको छ । यसैबीच, युरोपमा संक्रमण र मृत्यु दरमा ठूलै कमी आएपछि लकडाउन खुकुलो बनाउन थालिएको छ । एसियाका देशहरूमा पनि बिस्तारै खुकुलोपन ल्याउन थालिएको छ ।

भारतमा दुई महिनाको लकडाउन पछि मे २५ बाट घरेलु हवाई यात्रा पुनः सुरु हुँदैछ । भारतमा एकै दिन ५ हजार ६०० भन्दा बढी नयाँ कोरोना संक्रमित देखिए पनि व्यवसाय, यातायात र अन्य क्षेत्रमा बिस्तारै सहजता आउन थालेको छ ।

चीन, दक्षिण कोरिया, जापान र सिंगापुरले पनि व्यवसायहरू खोल्नुका साथै आम जनजीवनमा सहजीकरण गर्न थालेका छन् ।

# पेरुमा कोरोना संक्रमित एक लाख, तीन हजारको मृत्यु



**लिमा, एजेन्सी**-दक्षिण अमेरिकी राष्ट्र पेरुमा कोरोनाभाइरसबाट संक्रमितको संख्या एक लाख नाघेको छ भने तीन हजारभन्दा बढीको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

दक्षिण अमेरिकामा ब्राजिल र मेक्सिको पछि पेरुमा सबैभन्दा बढी व्यक्ति संक्रमित देखिएका छन् । गत अप्रिल ३० यता संक्रमित र मृत्यु हुनेको दर तीन गुणाले बढेको छ । भाइरस फैलिन नदिन पेरुमा नौ हप्तादेखि लकडाउन जारी छ, र यसबाट मुलुकको अर्थतन्त्र अत्यन्त नाजूक अवस्थामा पुगेको छ । पेरुको करिब ३ करोड २० लाख जनसंख्यामध्ये एक तिहाई बसोबास गर्ने लिमा र तटीय शहर कालाओमा सबैभन्दा बढी संक्रमित भेटिएका छन् ।

पेरुका अस्पतालमा बिरामीको संख्या व्यापक रुपमा बढ्नुका साथै अस्पतालहरूमा स्वास्थ्य सामग्रीको चरम अभाव हुन थालेको छ । राजधानी लिमको उनानु अस्पतालमा कार्यरत नर्स मिगेल अर्मासले यहाँका अवस्था अहिले 'हरर फिल्म' (तर्साउने फिल्म) हेरेजस्तो देखिएको बताइ । स्वास्थ्य मन्त्रालयले कोविड-१९ का बिरामी उपचारका लागि हाल ७ हजार ५०० व्यक्ति अस्पताल भर्ना भएको जनाएको छ । स्थानीयबासीले चिकित्सा सेवाको पर्याप्त व्यवस्था नहुँदा संक्रमितहरूको घरघरमै ज्यान गइरहेको गुनासो गरेका छन् ।

# पाकिस्तानमा अहिलेसम्मकै धेरै संक्रमित

**इस्लामावाद, एजेन्सी**-विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसका कारण पाकिस्तानमा गत २४ घण्टामा अहिलेसम्मकै धेरै संक्रमित भएका छन् ।

स्वास्थ्य मन्त्रालयका अधिकारीहरुले बिहीबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा मात्रै दुई हजार १९३ जना संक्रमित भएका हुन् । योसँगै देशभरी अहिलेसम्म कोरोनाभाइरसबाट कुल संक्रमितको सङ्ख्या ४८ हजार ९१ पुगेको पनि अधिकारीहरुले बताएका छन् । उनीहरुले अहिलेसम्म कोरोनाका कारण एक हजार १७ जनाको मृत्यु भएको र ती मध्ये ३२ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको पनि जानकारी दिएका छन् ।

देशभरी अहिलेसम्म एकैदिनमा सबैभन्दा धेरै परीक्षण पनि बुधबार नै गरिएको छ । बुधबार मात्रै १५ हजार ३४६ जनाको कोरोनाभाइरस परीक्षण गरिएको स्वास्थ्य अधिकारीहरुको भनाइ छ । उनीहरुका अनुसार अहिलेसम्म देशभरी कुल चार लाख २९ हजार छ सय भन्दा बढीको परीक्षण गरिएको छ । संक्रमित मध्ये सबैभन्दा धेरै सिन्ध प्रान्तमा रहेका छन् । सिन्ध प्रान्तमा मात्रै १८ हजार ९६४ जना संक्रमित भएको अधिकारीहरुले जनाएका छन् ।

त्यसपछि दोस्रो धेरै संक्रमित रहेको पन्जावमा छ हजार ८१५ जना, तेस्रो धेरै रहेको खैबर पख्तुन्खवामा ६ हजार ८१५ जना र बालुचिस्तानमा दुई हजार ९६८ जना संक्रमित भएका छन् ।

त्यसैगरी केन्द्रीय राजधानी रहेको इस्लामावादमा एक हजार २३५ जना, गिल्गित बालोचिस्तानमा ५७९ जना र पाकिस्तान नियन्त्रित काश्मिरमा १४८ जना संक्रमित भएको अधिकारीहरुले जनाएका छन् ।

देशभरी कोरोनाभाइरसबाट कुल संक्रमित मध्ये अहिलेसम्म १४ हजार १५५ जना संक्रमणमुक्त भएर घर फर्किएका छन् ।

# भारतमा कोरोनाबाट १ लाख १२ हजार बढी संक्रमित



**नयाँ दिल्ली, एजेन्सी**-गत २४ घण्टामा भारतमा ५ हजार ६०९ जना कोरोना भाइरस संक्रमित थपिएका छन् । यसैसँगै भारतमा बिहीबारसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख १२ हजार ३५९पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

बिहीबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ३ हजार ४३५ जना पुगेको छ । यसको संक्रमितको संख्या १ लाख १२ हजार ३५९ पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ४५ हजार ३०० जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल भारतमा ६३ हजार ६२४ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ ।

कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ३९ हजार २९७ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् ।

महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ १३ हजार ७९१ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । गुजरातमा १२ हजार ५३७ संक्रमति रहेका छन् । दिल्लीमा ११ हजार ८८ जना कोरोना संक्रमित रहेका छन् ।

भारतमा करिब दुई महिना यतादेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रुपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहने भारत सरकारले जानकारी दिएको हो ।

भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो । भारतले सरकारले गत मे ४ देखि लागू हुने गरी मे १७ सम्म थप दुइ साताको गरिएको तेस्रो चरणको लकडाउन समाप्त भएपछि चौथो चरणको लकडाउन शुरु भएको छ ।

चौथो चरणको लकडाउन आगामी मे ३१ सम्म लागू हुने बताइएको छ । विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमित को संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको हो । भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ । यद्यपी अघिल्ला चरणका लकडाउनको तुलनामा चौथो चरण हालको लकडाउन केही खुकुलो गरिएको छ ।

# हवाई कारबाहीमा ६ तालिबान लडाकू मारिए



**कुन्दुज, एजेन्सी**-अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजको दुई वटा जिल्लामा लुकेर बसेका तालिबानी लडाकू लक्षित हवाई कारबाहीमा परी कम्तीमा ६ लडाकू मारिएका छन् । यस कारबाहीमा परी अन्य १० तालिबान लडाकू घाइते भएका गृह मन्त्रालयद्धारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ । बुधबार राति कुन्दुज प्रान्तको इमाम साहिब र दश्त ए आर्चीमा जिल्लामा भएको सो कारबाहीमा ६ लडाकू मारिनुको साथै अन्य १० घाइते भएका गृह मन्त्रायलद्धारा जारी विज्ञप्तिमा जनाइएको छ ।

यस हवाई कारबाहीमा लडाकू समूहले लुकाएर राखेका हतियार र गोला बारुदलगातायका समान नष्ट गरिएको थियो । उक्त कारबाहीको क्रममा सैनिक वा सर्वसाधारण कुनै क्षति भएको छैन । विगत केही दिनदेखि कुन्दुन्ज प्रान्तमा आतङ्ककारी कार्यमा सक्रिय रहेका तालिवान लडाकू समूहले भने यस विषयमा कुनै टिप्पणी गरेका छैनन् ।

# अफगान राष्ट्रपतिसँग शान्ति प्रक्रियाबारे छलफल

**काबुल, एजेन्सी**-अफगानिस्तानका लागि अमेरिकी विशेषदूत जाल्मी खलिलजाद र अफगानिस्तानका राष्ट्रपति असरफ घनीबीच बिहीबार राजधानी काबुलमा भेटवार्ता भएको छ । उनीहरुबीच अफगानिस्तानको शान्ति प्रक्रियाको विषयमा कुराकानी भएको बताइएको छ । शान्ति वार्ताका लागि यस अघिदेखि नै पहल सुरु भएकोले अफगानिस्तान र संयुक्तराज्य अमेरिका अब आगामी दिनमा के कसरी अघि बढ्ने भन्ने बारेमा कुराकानी भएको बताइएको छ ।

अफगानिस्तानको टोलो समाचार संस्थाले अफगान राष्ट्रपतिको विज्ञप्तिलाई उद्धृतगर्दै दिएको समाचारमा अफगानिस्तान र अमेरिकाबीच तालिबानसँगको वार्ताका लागि आगामी दिनमा के कसरी अघि बढ्ने भन्ने बारेमा कुराकानी भएको थियो ।

संयुक्तराज्य अमेरिका र अफगानिस्तानको तालिवान समूहबीच कतारको दोहामा करिब तीन महिना अघि ऐतिहासिक 'शान्ति सम्झौता' भएको थियो । तर त्यसको साता दिन पनि नपुग्दै त्यहाँका तालिबानहरूले आक्रमण सुरु गरेपछि शान्ति प्रक्रिया संकटमा पुगेको बताइएको थियो । बिहीबारको भेटमा अफगानिस्तानका तालिबानहरूलाई आगामी दिनमा शान्तिवार्ताका लागि तयार गर्न युद्धविराम या हिंसात्मक गतिविधिमा कमी ल्याउने बारेमा तयार पार्ने विषयमा छलफल भएको बताइएको छ । तीन महिना अघि भएको सम्झौतापछि अमेरिका र उसका सहयोगी राष्ट्रहरूद्वारा उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) अन्तर्गत अफगानिस्तानमा कार्यरत सम्पूर्ण सैनिकलाई आगामी १४ महिनाभित्र अफगानिस्तानबाट फिर्ता लाने सहमति भएको थियो । त्यस्तै अफगान विद्रोहीको प्रभाव क्षेत्रमा अलकायदा तथा अन्य अतिवादी इस्लामिक समूहका गतिविधि नियन्त्रणका लागि तालिवानले सरकारलाई सहयोग गर्ने पनि सहमति भएको थियो ।

तर पनि सो सम्झौतापछि पनि तालिवान समूहको आक्रमण रोकिएको छैन । गएको करिब १८ वर्षदेखि जारी हिंसाको अन्त्यका लागि शान्ति प्रक्रिया अघि बढाउन खोजिए पनि सम्भव हुन सकेको छैन ।

# समुन्द्री आँधीबाट १६ जनाको मृत्यु



भारत र बंगलादेशमा समुद्री आँधीका कारण कम्तीमा १६ जनाको मृत्यु भएको छ । अम्फान नाम दिइएको आंधीका कारण रुखहरू ढलेका छन् भने घरको छानाहरू उडेका छन् ।

प्रति घण्टा १ सय ८५ किलोमिटर प्रति घण्टाको वेगमा आएको आंधी प्रभावित ३० लाख मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । कोरोना महामारीका कारण उद्धारमा कठिनाइ उत्पन्न भएको बताइएको छ ।

प्रभावित केही मानिसहरू हालै मात्र कोरोनाबाट बच्न क्वारेन्टाइनमा बसेर फर्केकाहरू पनि छन् । पूर्वी भारतीय राज्यहरू र बंगलादेशमा आँधीको असर बढी देखिएको छ ।

आंधी पश्चिम बङ्गाल र बङ्गलादेशको तटीय क्षेत्र पार गरी लगाातार उत्तरपूर्वतर्फ अगाडि बढिरहेको छ । त्यसपछि यो क्रमशः कमजोर बन्दै उत्तर-पूर्वी दिशातर्फ मोडिने सम्भावना रहेको जनाइएको छ ।

उक्त आँधी बङ्गालको खाडीमा सन् १९१९ यता आएको सबैभन्दा ठूलो समुद्री आँधी हो ।

# गोरा भन्दा काला व्यक्तिको मृत्यु बढी




**न्युयोर्क, एजेन्सी**–अमेरिकामा कोरोना संक्रमणका कारण गोरो भन्दा काला व्यक्तिहरुको बढी मृत्यु भएको छ । तथ्याकंका अनुसार कोरोना भाइरस संक्रमणका कारण अफ्रिकी अमेरिकी नागरिकको मृत्यु गोराको तुलनामा तीन गुणा बढी भएको पता लागेको हो ।

एपीएम रिसर्चले गरेको अनुसन्धानमा अमेरिकाममा कोरोनाका कारण मृत्यु हुनेमा कालो वर्णका व्यक्तिहरुको संख्या आधी छ भने अन्यको आधी रहेको छ । कोरोना भाइरसका कारण अफ्रिकी अमेरिकीहरुको ५०.३ प्रतिशत छ । जबकि गोरोकी २०.७, ल्याटिन अमेरिकीकी २२.९ र एसियन अमेरिकीकी २२.७ छ ।

प्रत्येक २ हजार जनामा १ जना काला अमेरिकीको कोरोना भाइरसका कारण मृत्यु भएको छ । अमेरिकाको कुनै प्रान्तमा गोराको तुलनामा सातौं गुना बढी कालो वर्णका अमेरिकी कोरोना भाइरस संक्रमणका कारण मरेका छन् । ट्रम्प प्रशासनले गोरा र कालाहरुको स्वास्थ्य असमानताका कारण कालाहरुको बढी मृत्यु भएको बताएको छ । कालामा प्रेसर, सुगर र मोटोपन बढी भएको पाइन्छ ।

# पारा तेक्वान्दो खेलाडीलाई राहत




**काठमाडौं, मस**– कोरोना भाइरस (कोभिड- १९) को संक्रमण फैलिन नदिन लागू गरिएको लकडाउनका कारण समस्यामा परेका पारा तेक्वान्दो खेलाडीलाई नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) ले खाद्यान्न उपलब्ध गराएको छ । ५ राष्ट्रियसहित ७ पारा तेक्वान्दो खेलाडीलाई राहत उपलब्ध गराइएको हो ।

एनटीएका अध्यक्ष अशोक खड्काले प्रत्येक खेलाडीलाई १ हजार ८ सय रुपैयाँ बराबरको राहत उपलब्ध गराएको जानकारी दिए ।

खेलाडीका लागि नेपाली सेनाका कर्णेल सुमन खड्काका पिता नेत्रबहादुर र माता सानुमैया तथा तेक्वान्दो प्रशिक्षक एसएस जोशीले सहयोग गरेको खेड्काले बताए । खेलाडीको सुविधालाई ध्यानमा राख्दै एनटीएले खेलाडी बस्ने ठाउँमै पुगेर राहत उपलब्ध गराएको थियो । यो कार्यमा राम अधिकारी खटिएका थिए ।

त्यस्तै एनटीएले समस्यामा परेका आफ्नै खेलाडीका ९ परिवारलाई पनि बुधबारै राहत वितरण गऱ्यो । पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको सहयोगमा खेलाडीलाई राहत वितरण गरिएको हो ।

पूर्व प्रधानमन्त्री नेपालले समस्यामा परेका परिवारलाई वितरण गर्नका लागि कागेश्वरी मनोहरा नगरपालिकाका मेयर कृष्णहरि थापा मार्फत एनटीएलाई केहि परिवारका लागि राहत स्वरुप खाद्यान्न उपलब्ध गराएका थिए ।

त्यसैबाट खेलाडीलाई राहत प्रदान गरिएको खड्काले बताए । यसअघि एनटीएले समस्यामा परेका करिब २ सय ५० परिवारलाई राहत वितरण गरिसकेको छ ।


## विज्ञान प्रयोगशाला सामग्रीहरू खरीदको सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

यस मानसिंह धर्म मा.वि. को लागि विज्ञान प्रयोगशालाका सामग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इजाजतप्राप्त इच्छुक फर्म वा कम्पनीबाट दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी र करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी यस विद्यालयको खातामा जम्मा गरेको अर्नेष्ट मनीको बैंक भौचर सहित रीतपूर्बकको दरभाउपत्र आब्हान गरिएको छ । विद्यालयबाट उपलब्ध गराइने दरभाउपत्र फाराम र सामग्रीहरुको सूची अनुसारको यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस विद्यालयमा सिलबन्दी दरभाउपत्र प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

**दरभाउपत्र फाराम शुल्क :** रु १००० (एक हजार रुपैया) पछि फीर्ता नहुने ।

**दरभाउपत्र फाराम पाइने, दर्ता गर्ने र खोल्ने स्थान :** मानसिंह धर्म मा.वि.तारकेश्वर नगरपालिका-१०,मनमैजु काठमाडौ


**दरभाउपत्र खोल्ने मिति :** सूचना प्रकाशित मितिले सोह्रौं दिन सम्वन्धित दरभाउपत्रवालाहरुको रोहवरमा खोलिने छ । सो दिन दरभाउपत्रवाला वा प्रतिनिधी यस बिद्यालयमा दिनको ठीक १२ बजे उपस्थित हुनु पर्नेछ । दरभाउपत्रवाला वा प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोलिने छ ।

**अर्नेष्ट मनी :** २५००० (अक्षरेपी पच्चीस हजार मात्र) पछि फीर्ता हुने ।

**रकम जम्मा गर्ने बैंकको नाम र खाता नं.:** नेपाल बैंक लिमिटेड, बालाजु शाखा, ०३५००१००००७३०३००००१

बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस विद्यालयमा निहित हुनेछ ।

आवश्यक सोधपुछ गर्नु परेमा विद्यालयका प्रधानाध्यापक नारायणजंग थापा फोन नं.९८४९०६७६४९ मा सम्पर्क गर्न सकिन्छ ।



**अन्नपूर्ण हिमश्रृङ्खला** : पोखराको सराङ्कोटबाट देखिएको अन्नपूर्ण हिमश्रृङ्खला । लकडाउनका कारण वायु प्रदुषणमा कमी आएपछि स्वच्छ बन्दै गएको वातावरणमा हिमश्रृङ्खला सफा र प्रष्ट देखिन थालेको छ । *तस्वीर: रासस*

### पुनर्कर्जाको प्राथमिकतामा मझौला उद्योगमा

# ५० करोडको सिमा १० करोडमा झारिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

नेपाल राष्ट्र बैंकले पुनर्कर्जाको सिमा घटाउने भएको छ । राष्ट्र बैंकले पुनर्कर्जा सम्बन्धी मौजुदा कार्यविधीलाई परिमार्जन गर्दै यस अघि दिईदै आएको पुनर्कर्जाको ५० करोड रुपैयाँको सिमालाई घटाएर १० करोड रुपैयाँमा झारिएको नेपाल राष्ट्र बैंकका नियमन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले जानकारी दिए ।

'हामी पुनर्कर्जाको कार्यविधी परिमार्जनका लागि मस्यौदा तयारीको लागि अन्तिम चरणमा छौं,' ढकालले भने, 'अब १/२ भित्रै उक्त मस्यौदा निजी क्षेत्रलाई दिएर सार्वजनिक रुपमा फिडब्याक माग गर्नेछौं ।' साथै निजी क्षेत्रको फिडब्याकलाई समोवश गरेर पुनर्कर्जाको कार्यविधी परिमार्जन गरिने समेत ढकालले जानकारी दिए । हाल राष्ट्र बैंकले तयार पारेको कार्यविधीको मस्यौदा अनुसार उद्योगी व्यवसायीलाई पुनर्कर्जा प्रदान गर्ने अधिकार सम्बन्धित बैंकलाई नै दिईने भएको छ ।

यस अघि सम्बन्धित बैंकको सिफारिसमा राष्ट्र बैंकले फाइल अध्ययन गरेर पुनर्कर्जा दिँदै आएकोमा अबका दिनमा उक्त जिम्मेवारी सम्बन्धित बैंकलाई नै दिन लागिएको उनले जानकारी दिए । कोरोना पछिको लकडाउनका कारण विशेषगरी साना तथा मझौला उद्योग मारमा परेका कारण सोही अनुरुप कार्यविधी परिमार्जन गरी कर्जा प्रदान गर्न लाएिको समेत उनले जानकारी दिए ।



सोही अनुरुप यस अघि एउटा व्यवसायी कम्पनी वा ग्रूपलाई अधिकतम ५० करोड रुपैयाँसम्म पुनर्कर्जा दिँदै आएकोमा अबका दिनमा उक्त सिमालाई घटाए १० करोड रुपैयाँमा झार्न लागिएको समेत उनको भनाई थियो । तर कन्सोडिएम कर्जाको हकमा भने अन्य बैंकबाट पनि मिलाएर १० करोड रुपैयाँभन्दा बढी लिन सकिने छ । यस अघि पुनर्कर्जाले ठूला व्यवसायीलाई मात्र समेट्दै आएको कोराना पछि राष्ट्र बैंकले कोरोनाको असर पछि साना तथा मझौला उद्योगलाई प्राथमिकता दिएको हो ।

साथै पुनर्कर्जा उपभोग गर्ने समयावधिलाई भने यथास्थितीमै राखिने भएको छ । यस अघि राष्ट्र बैंकले पुनर्कर्जा उपभोगको समयावधि बढाएर १ बर्षको पुर्याएको थियो भने बढीमा एक पटक नविकरण गर्न सकिने व्यवस्था गरेको थियो । साथै पुनर्कर्जाको व्याजलाई समेत यथास्थितीमा राखिने ढकालले जानकारी दिए । तर पुनर्कर्जा लिने व्यवस्थालाई भने सलर र सहज बनाईने भएको छ । साथै यो महिना भित्रै पुनर्कर्जाको कार्यविधी परिमार्जन गरी कार्यान्वयनमा ल्याईने समेत ढकालले जानकारी दिए ।

# लकडाउनमा पनि मुलुककै सबैभन्दा ठूलो सबस्टेसनको काम धमाधम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ जेठ

काठमाडौं । कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि लागू गरिएको बन्दाबन्दी(लाकडाउन)काबीचमा पनि धनुषामा निर्माणाधीन ४००/२०० केभी ढल्केबर सबस्टेसन आयोजनाको काम धमाधम भइरहेको छ ।

कोरोना कहरकाबीचमा पनि स्वास्थ्य सुरक्षासम्बन्धी प्रावधानहरुको पूर्ण रुपमा पालना गरी स्थानीय सरकार र प्रशासनसँगको समन्वय र सहयोगमा आयोजनाको निर्माण भइरहेको हो । आयोजनाको निर्माण अन्तिम चरणमा पुगेको छ ।

मुलुकभित्र पूर्व-पश्चिम विद्युत आपूर्ति र भारतसँग विद्युत व्यापारका लागि निर्माण गएिको ग्याँस इन्सुलेटेड प्रणाली (जिआईएस)प्रविधियुक्त स्वचालित ढल्केबर सबस्टेसन मुलुकभित्रको सबैभन्दा ठूलो र ४०० केभी प्रणालीमा आधारित नेपालकै पहिलो सबस्टेसन हो ।

सबस्टेसनमा रहने उपकरण जडान एवं परीक्षण र बाँकी रहेका सिभिल संरचनाको निर्माणमा नेपाल, भारत र चीनका प्राविधिक तथा गैह्रप्राविधिक गरी झण्डै ८० जना जनशक्ति खटिएका छन् ।

यही असारभित्रमा सबस्टेसनको निर्माणसम्पन्न गरी संचालन (चार्ज) गर्ने लक्ष्यका साथ धमाधम काम भइरहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । 'गत पुस/माघमा तराइमा चलेको शीतलहरका कारण उपकरण जडान प्रभावित भयो, त्यसपछि कोरोनाका कारण चिनियाँ इन्जिनियरहरु आउन नसक्दा र नेपालमा लागू गरिएको लकडाउनले निर्माण प्रभावित भयो, अहिले सबै सुरक्षात्मक उपाय अपनाएर काम धमाधम भइरहेको छ, कार्यकारी निर्देशक घिसिङले भने ।

'चीनबाट विमानमार्फत भारतको कलकत्ता ल्याइएका सबस्टेसनका उपकरणहरु दुवै मुलुकमा लागू गरिएको लकडाउनका कारण ल्याउन सकिएको थिएन, सबै निकायसँग समन्वय गरी एक हप्ताअघि उपकरणहरु कलकत्ताबाट आयोजनास्थलमा ल्याइसकिएको छ, अहिले उपकरणहरुको जडान र परीक्षण धमाधम भइरहेको छ ।'

कलकत्ता विमास्थलमा ल्याइएका उपकरणहरु अलपत्र परेपछि लकडाउनमा पनि आवश्यक सुरक्षात्मक उपाय अपनाएर नेपाल ल्याउन ऊर्जा, जलस्रोत तथा सिंचाइ सचिव दिनेशकुमार घिमिरेले भारतीय समकक्षीसँग आग्रह गरेका थिए । त्यसपछि ९ वटा ट्रकमार्फत उपकरणहरु आयोजनास्थलमा ल्याइएको थियो ।

चीनमा उत्पादित उपकरणहरु भएकाले संचालन परीक्षणका लागि चिनियाँ इन्जिनियरहरु लकडाउन सुरुहुनुभन्दा पहिले नै आइसकेका छन् । उपकरणको संचालनमा एक जना भारतीय इन्जिनियर आउनु पर्ने तर लकडाउनका कारण आउन नसक्ने भएपछि रिमोटमार्फत नै काम गर्न सक्ने व्यवस्था मिलाउनका लागि पहल भइरहेको घिसिङले जानकारी दिए ।

सबस्टेसनमा ३१५ एमभीएका तीन वटा गरी ९४५ एमभीए क्षमताको पावर ट्रान्सफर्मर रहने छन् । जसले करिब नौ सय मेगावाट विद्युत्लाई प्रसारण गर्न सक्दछन् । 'सम्भव भएसम्म तीनवटै र नभएमा कम्तिमा पनि दुईवटा पावर ट्रान्सफर्मर असारभित्रमा चार्ज गर्छौं', कार्यकारी निर्देशक घिसिङले थपे ।

सबस्टेसन चार्ज भएपछि नेपाल-भारतबीच करिब एक हजार मेगावाट विद्युत् आयात निर्यातका लागि पूर्वाधार तयार हुने छ । साथै ४५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा सहज रुपमा प्रवाह गर्न र मुलुकभित्र खपत हुन नसकेको विद्युत् भारत निर्यात गर्न सकिने पूर्वाधार तयार हुनेछ ।

२२० केभी गोंगर(दोलखा)–खिम्ती–ढल्केबर प्रसारण लाइनमार्फत ढल्केबर सबस्टेसनमा आएको माथिल्लो तामाकोसीको विद्युत्लाई त्यहाँबाट आन्तरिक खपतका लागि पूर्व र पश्चिम पठाउन सकिन्छ । वर्षायाममा बढी भएको खण्डमा ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारण लाइनमार्फत भारतमा सिधै निर्यात गर्न सकिन्छ । हिउँदमा आवश्यक परेमा न्यूनतम ६०० मेगावाट आयात गर्न सकिन्छ भने दुई मुलुकबीच इनर्जी बैकिङ गर्न समेत बाटो खुल्ने छ । दुई मुलुकबीच इनर्जी बैकिङ गर्ने सैद्धान्तिक सहमति भइसकेको छ ।

ढल्केबर-मुजफ्फपुर ४०० केभी क्रसबोर्डर प्रसारण लाइने २२० केभीमा संचालनमा छ । ढल्केबरमा ४०० केभीको सबस्टेसन निर्माण सम्पन्न भएपछि यो लाइन ४०० केभीमा संचालन हुने छ ।

सबस्टेसनमा ३१५एमभीएका तीन वटा गरी ९४५एमभीए क्षमताको पावर ट्रान्सफर्मर रहने छन् । जसले करिब नौ सय मेगावाट विद्युत्लाई प्रसारण गर्न सक्दछन् ।

सरकारले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमार्फत असारभित्रमा ४०० केभीको ढल्केबर सबस्टेसन निर्माण सम्पन्न गरी संचालनमा ल्याउने घोषणा गरेको छ ।

सबस्टेसन निर्माण भारतीय भारतीय कम्पनी एबीबी र परामर्शदाताको काम नेपाली कम्पनी एनईए इन्जिनियिरिङले गरिरहेका छन् ।

## कुमारी बैंकको सामाजिक उत्तरदायित्व
# ट्राफिक पुलिसलाई १०० लिटर सेनिटाईजर



**काठमाडौं/मस**-कुमारी बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत नेपाल ट्राफिक पुलिसलाई यस कोरोना संक्रमित घडीमा १०० लिटर सेनिटाईज़र सहयोग स्वरूप प्रदान गरेको छ । कोरोना महामारीको संकटदायी घडीमा अत्यावश्यक तुल्यिएको सेनिटाईज़र रामशाहपथ स्थित महानगर पुलिस कार्यालयमा एक समारोहबीच बैंकले हस्तान्तरण गरेको छ ।


उक्त कार्यक्रममा कुमारी बैंकका तर्फबाट अनुषा शाक्यले काठमाडौं महानगर पुलिसका वरिष्ट सुपर इन्टेंडेंट (एसएसपी) भीम प्रसाद ढकाललाई सेनिटाईज़र हस्तान्तरण गरेर सम्पन्न गरे । कोरोना महामारी एवं विपदको समयमै न्यूनीकरण एवं नियन्त्रणका लागी नेपाल सरकारको राहत कोषमा योगदान, स्थानीयस्तरमा निम्नस्तरका महामारी प्रभावित वासिन्दालाई राहत-वितरण जस्ता गतिविधिहरू आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले वहन गर्दै आएको छ । लकडाउनको यस विषम परिस्थितिमा पनि बैंकले आफ्ना ग्राहकहरुलाई आफ्ना देशव्यापी शाखा र एटिएम मार्फत निरन्तर बैंकिङ्ग सुविधा प्रदान गरिरहेको छ ।

# स्वास्थ्यकर्मीलाई १० लाखको स्वास्थ्य बीमा

**मेलम्ची/मस**–जुगल गाउँपालिकाले अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारी र जनप्रतिनिधिको रु एक लाख बराबर कोरोना जोखिम बीमा गर्ने भएको छ । बुधबार गाउँकार्यपालिकाको आकस्मिक बैठक बसी कोरोना सङ्क्रमणबाट पोजिटिभ पुष्टि भएमा बीमाङ्क रकम प्राप्त गर्ने र रु १० लाख बराबरको स्वास्थ्य बीमा गर्ने भएको छ । बीमावापतको शुल्क जनप्रतिनिधि आफैंले व्यहोर्नुपर्ने निर्णय गरेको सो गाउँपालिका अध्यक्ष होमनारायण श्रेष्ठले जानकारी दिए ।

यसैगरी सो गाउँपालिकाले कोरोनाको सम्भावित जोखिमलाई ध्यान दिँदै सेलाङ मावि सेलाङ, गोल्चे बगर, वडा नं ३ कालीदेवी मावि पाङताङ, डल्लेपोखरी पाङताङ, रत्नराज्य मावि चनौटे, हगाम र जलदेवी माविमा सुरक्षित आवासस्थल तयार गर्ने उनले बताए ।

होम क्वारेन्टिनलाई व्यवस्थित गर्न बनाइएको मापदण्ड पारित गर्ने तथा उक्त मापदण्डको पालनाका लागि उचित प्रचारप्रसार गर्ने र जुगल बाहिरबाट आएका जोसुकै व्यक्तिका लागि अनिवार्य १४ दिन क्वारेन्टिनमा राख्ने निर्णय गरिएको जनाइएको छ । गाउँपालिकाले कोरोना सङ्क्रमण परीक्षणको दायरालाई बढाइ आव २०७७/७८ को नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समितिहरूले कार्य थालनी गर्नेछन् ।


www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews YouTube Janatapati Janatapati


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**